नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## प्रेस विज्ञप्ति

आज मिति २०८२ भाद्र ३० गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अधिकारीहरू र निजी क्षेत्रका छाता संस्थाहरूः उद्योग वाणिज्य महासंघ (FNCCI), नेपाल उद्योग परिसंघ (CNI), नेपाल च्याम्बर अफ कमर्श (NCC), नेपाल घरेलु तथा साना उद्योग महासंघ (FNCSI) र महिला उद्यमी महासंघ नेपाल (FWEAN) का अध्यक्ष एवम् पदाधिकारीहरूको उपस्थितिमा मुलुकमा उत्पन्न विशेष परिस्थितिबाट समग्र उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा परेको असरका बारेमा गहन छलफल गर्नुका साथै नजिकिँदै गएको चाडपर्वमा गर्नुपर्ने आपूर्ति तथा बजार व्यवस्थापन सहज बनाउने विषयमा अन्तरक्रिया गरियो।

यस बैठकले सो घटनामा मृत्युवरण गर्नु भएका सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनहरूमा गहिरो समवेदना अर्पण गरियो। साथै, घाइते हुनु भएका सबै महानुभावहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरियो। घटनाका क्रममा सरकारी संरचना र निजी व्यावसायिक संस्थाहरूमा भएको क्षतिको विवरण तयार गर्ने, औद्योगिक तथा व्यावसायिक वातावरण सुधार गरी लगानी संरक्षण गर्ने विषयमा विभिन्न निर्णय गरियो। हाल व्यावसायिक गतिविधि विस्तारै सहज बन्दै गएको, अन्तर्राष्ट्रिय सीमा नाकाहरूका भन्सार कार्यालयहरू सञ्चालन भई देशभर ढुवानी प्रणाली समेत सहज भएको र व्यापार व्यवसायहरू पुनः सञ्चालन भई आपूर्ति श्रृङ्खला सुचारू भएको विषयमा निजी क्षेत्र र मन्त्रालयका तर्फबाट विश्लेषण गरियो।

आसन्न चाडपर्वलाई लक्षित गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेसन मार्फत् देशभर आजैदेखि जम्मा १ सय ५३ ठाउँबाट चाडपर्व लक्षित सहुलियत मूल्य पसल सञ्चालन गरिएको र बजारमा दैनिक अत्यावश्यक उपभोग्य सामग्री तथा पेट्रोलियम पदार्थको अभाव नरहेकाले माग, आपूर्ति र मूल्यमा प्रतिकूल प्रभाव पर्न नदिन र अत्याधिक वस्तु सञ्चित नगर्न/नगराउन सम्पूर्ण उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता लगायत व्यवसायीहरू र आम उपभोक्तालाई अनुरोध गर्ने तथा नियमित बजार अनुगमनका क्रममा उपभोक्ता अधिकारको हनन् तथा आपूर्ति श्रृङ्खलामा कुनै किसिमको अवरोध हुने गरी कार्य भएको पाइएमा कानून बमोजिम कारबाही गर्ने सम्बन्धमा ऐक्यवद्धता जनाइयो।

मितिः २०८२ भाद्र ३० गते सोमबार।

(जितेन्द्र बस्नेत)
सहसचिव/प्रवक्ता